आज मिति २०७४ भाद्र २९ गते, बिहिबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमाजिमका सदस्यज्यूहरुको उपस्थितिमा दशौं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | | पदाधिकारी |
|---|---|---|---|
| हस्ताक्षर | | | |
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. | नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. | ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा पोडे | - | सदस्य |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. | कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सदस्य सचिव |

आमन्त्रित :-

| | | | |
|---|---|---|---|
| २१. | श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. | श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. | श्री सुराज श्रेष्ठ | - | कम्प्युटर अपरेटर |

प्रस्तावहरु :

१) जिल्ला दररेट सम्बन्धमा ।
२) बिबिध ।

निर्णयहरु :

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा पेश भए बमोजिमको नगर दररेट संशोधन सहित स्वीकृत गर्ने ।

प्रस्ताव नं. २ :

**क) बाटोको मापदण्ड बिषयमा** - यस नगरपालिकाको सातौं बोर्ड बैठकबाट कायम हुन आएको बाटोको मापदण्डको बिषयमा गोरेटो बाटोको हकमा केन्द्रबाट दायाँ बाया १.५ मि. छाडी सेठ व्याक १.५ फिट कायम निर्णय नं २ को बुदाँ नं (इ) उपबुदाँ नं (ङ) मा उल्लेखित चाल्नाखेल प्रा.वि, कुसले गाउँ हुदै बोसन जाने मोटर बाटो (वडा नं १) को लागी केन्द्रबाट ५ मी. दायाँ बायाँ रहेकोमा ३.५ मिटर दायाँ बायाँ कायम गन ।

**ख) बृद्धबृद्धा सम्मानका कार्यकम -**

अ) नगरपालिकाको नवौं बोर्ड बैठकबाट गठित समितिबाट खरिद गरिएको चोलो रु. ४१०।-, पछ्यौरा रु ४२५।- र साडी रु. ६२५।- गरी जम्मा रु. १४६०।- बराबर १ जना महिला ज्यष्ठ नागरिकको (मिति २०७४ बैशाख मसान्तसम्म ७० वर्ष पुगेको) र पूर्ण अपाङ्गता परिचय-पत्र भएका महिलाहरुको लागी उपरोक्त बमोजिमका पोशाक किन्ने रकम अनुमोदन गर्ने ।

आ) पशुपति अन्नपूर्ण आश्रमका प्रा. डा जगदिश बैधलाई कुनै पनि किसिमको आर्थिक व्यय भार नपर्ने गरी यस दक्षिणकाली नगरपालिकाको प्रमुख सल्लाहकारमा राख्ने ।

इ) बृद्धबृद्धा सम्मान र पोशाक वितरण कायक्रम मिति २०७४/०६/०६ गते शुक्रबारका दिन राख्ने ।

ई) नगर सदस्य महिला सदस्यहरुको पोशाकको लागी रु २०००।- छुट्टाएकोमा रु १०००।-थप गरी रु ३०००।- पुऱ्याउने ।

**ग) हरिशंकर जात्राका सम्बन्धमा -**

अ) यस नगरपालिकामा पौराणिक कालदेखी चली आएको स्थानिय हरिशंकर जात्रा यहि २०७४/०६/०१ गते देखी शुरु हुने भएकोले उक्त दिन सार्बजनिक बिदा दिने ।

आ) उक्त जात्राको लागी जम्मा रु ३,००,०००/-(अक्षेरुपी तीन लाख रुपैया मात्र) छुट्टाउने साथै लोप हुन लागेको यस हरि शंकर जात्रालाई प्रचार प्रसार गर्नको लागी news 24 Channel मार्फत सुचना गर्ने ।